वीरगंज उपमहानगरपालिकाको १९ औं नगर परिषद्बाट पारित

कार्यकारी अधिकृत श्री विष्णु प्रसाद कोइरालाबाट प्रस्तुत बजेट, नीति, कार्यक्रम तथा आय- व्यय विवरणको व्यक्तव्य

वीरगंज उपमहानगरपालिकाको १९ औं नगर परिषदका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथि माननीय सभासद्ज्यूहरु, राजनैतिक दलका जिल्ला प्रमुख वा प्रतिनिधिज्यूहरु, प्रमुख जिल्ला अधिकारीज्यू, स्थानीय विकास अधिकारीज्यू, सुरक्षा निकायका प्रमुखज्यूहरु, विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुखज्यूहरु, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्षज्यू, नेपाल पत्रकार महासंघ पर्सा शाखाका सभापतिज्यू, संचारकर्मी, उद्योगपति, व्यापारी, सामाजिक व्यक्तित्व सबैमा वीरगंज उपमहानगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट समेत स-सम्मान हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

सर्वप्रथम म वीरगंज उपमहानगरपालिकाको १९ औं नगरपरिषद्मा राष्ट्र, राष्ट्रियता र नेपाली जनताहरुको समुन्नती, प्रगति तथा उज्जवल भविष्यको कामना गर्दै लोकतान्त्रिक गणतन्त्रको स्थापना, मधेश आन्दोलन तथा विभिन्न आन्दोलनका क्रममा आफनो अमूल्य जीवन उत्सर्ग गर्ने ती महान ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु ।

नेपाल भारत सिमान्तमा अवस्थित औद्योगिक तथा व्यापारिक नगरी, मध्य तराईको केन्द्र भाग, भविष्यको प्रान्तिय राजधानी तथा महानगरतर्फ उन्मुख वीरगंज नगरको आफनै किसिमका मौलिकता, विशेषता, पहिचान र ऐतिहासिक पृष्ठभुमि छन् । देश कै पुराना शहरहरु मध्ये एक वीरगंज उपमहानगरपालिकाको आर्थिक वर्ष २०७२।०७३ को वार्षिक नीति, योजना र कार्यक्रम सहितको बजेट यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा म लगायत सिङ्गो वीरगंज उपमहानगरपालिका परिवारलाई नै गौरव महसुस भैरहेको छ । यस अवसरमा सम्पूर्ण वीरगंजबासी विशेष गरी वीरगंज उपमहानगरपालिकामा समावेश भएका ११ वडाका वासिन्दाहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।

हिजो सम्म वीरगंज उपमहानगरपालिका १९ वडामा विभाजित २१.३२ वर्ग कि.मी. भौगोलिक क्षेत्रफलको साँगुरो घेरामा अवस्थित थियो । नेपाल सरकारको मिति २०७१ मंसीर १६ को निर्णयले विभिन्न ११ गा.वि.स.लाई वीरगंज उपमहानगरपालिका भित्र समाहित गरेपछि अब वीरगंज उपमहानगरपालिकाले ७५.३ वर्ग कि.मी. भूगोलको वृहत्तररुप ग्रहण गरेको छ । सोही तुलनामा वीरगंज उपमहानगरपालिकाको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता थप भएको छ । यसलाई मैले चुनौतीपूर्ण अवसरका रुपमा लिएको छु ।

स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६, नगरपालिका अनुदान संचालन कार्यविधि २०६९ तथा अन्य प्रचलित कानून, निर्देशन र मार्गदर्शनले निदृष्ट गरेको उद्देश्य, लक्ष्य र मान्यताका आधारमा भौतिक पूर्वाधारको विकास, जनसहभागितामा संलग्न विकास कार्यक्रम, मझौला एकिकृत शहरी वातावरणीय सुधार आयोजना अन्तर्गतका कार्यक्रम, संस्थागत सुदृढिकरण, सामाजिक सुरक्षा तथा लक्षित वर्ग उत्थान कार्यक्रम, सरसफाई तथा फोहोरमैला व्यवस्थापन, जनस्वास्थ्य प्रवर्द्धन तथा सम्पति व्यवस्थापनलाई विशेष महत्वका साथ बजेट नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

स्थानीय निकाय नै जनतासँग सबैभन्दा नजिकको निकाय भएकोले शहरी सुशासन प्रवर्द्धन, गुणस्तरीय शहरी सेवा सुविधा, समतामूलक सामाजिक विकास, बालमैत्री र वातावरण मैत्री स्थानीय शासन, नतिजामुखी र परिणाममुखी दिगो विकासका योजनाहरु, सरसफाई र फोहरमैलाको उचित व्यवस्थापनमा जनअपेक्षा अनुरुपको कार्य सम्पादन हुन सक्नुपर्छ भन्ने मान्यता साथ वीरगंज उपमहानगरपालिका आफनो कार्य क्षेत्रमा अगाडी बढिरहेको छ ।

नगरको सर्वोत्तोमुखी विकास प्रति दिन प्रति दिन नगरवासीहरु उत्सुकता, जिज्ञासा र चासो बढ्दो छ । योजना छनौटका सन्दर्भमा प्रत्येक वडाहरुमा भैरहेको उल्लेख्य जनसहभागिता, गा.वि.स.बाट स्तरवृद्धि भई उपमहानगरपालिकामा गाभिएका वडावासीहरुको आफनो वडाहरुमा आर्थिक, सामाजिक एवंम भौतिक पूर्वाधार विकास अन्तर्गत सडक, बत्ती, खानेपानी, स्वास्थ्य र शिक्षा क्षेत्रको विकास तथा जीविकोपार्जन तथा गरिबी न्यूनिकरण, कृषिमा आधारित बजार प्रबर्द्धन तथा व्यवस्थापन, सार्वजनिक, ऐलानी र पर्ती जग्गा संरक्षण जस्ता विषयहरुमा देखाएको उत्साहले विकास प्रतिको जनभावनालाई मूखरित गरेको छ ।

उपस्थित महानुभावहरु,

स्थानीय निकायहरु जनप्रतिनिधिमुलक संस्था भएतापनि विगत लामो समय देखि स्थानीय निकायमा जनप्रतिनिधिहरुको रिक्तता कायमैछ । यस्तो परिकुल परिस्थितिमा नीतिगत निर्णय र विकास निर्माणका कार्यहरु गर्न गराउन कठिनाई सृजना हुन स्वाभाविक नै हो । यस परिपेक्ष्यमा वीरगंज उपमहानगरपालिकाले सर्वदलिय राजनैतिक सल्लाह, सुझाव र मार्गदर्शनका आधारमा आफनो कृयाकलापलाई अगाडी बढाउदै आएको छ । भविष्यमा पनि राजनैतिक दलहरुबाट विगत झै उच्चतम समन्वय र सहयोग प्राप्त हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

हामीले बजेट, योजना तथा कार्यक्रम तर्जुमा गर्दा जनताको अपेक्षा अनुसार नगरको समग्र विकास, स्थानीय प्रजातन्त्रको सुदृढिकरण, लोकतन्त्रका लाभहरुको न्यायोचित वितरण, लैगिक समानता र समावेशी विकास तथा सामाजिक बंचितिकरणमा परेका समुदायहरुको सबलिकरण मार्फत दिगो विकासको प्रवर्द्धन गर्न सिमित श्रोत साधनको अधिकत्तम परिचालन गर्ने नीतिलाई अवलम्बन गरेको छु ।

वीरगंज उपमहानगरपालिका क्षेत्रभित्र एसियाली विकास बैंकको सहयोगमा मझौला एकिकृत शहरी वातावरणीय सुधार आयोजना विगत ४ वर्ष देखि संचालन हुँदै आएकोछ । यस आयोजनाबाट नगरको भौतिक तथा सामाजिक पूर्वाधार विकास, नगरको वृहत्तर ढल निकास तथा ढल प्रशोधन केन्द्रको स्थापना, नगरभित्रको फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिड साइट र जैविकमल उत्पादन, सडक निर्माण, वातावरण सुधार तथा समुदायको विकासको निम्ति आवश्यक कार्यहरु गर्नेछ । जस अन्तर्गत गण्डक चौक देखि शंकराचार्य गेटसम्म दोश्रो वाइपास सडक खण्डमा Earth Embankment Filling को कार्य प्रारम्भ भएकोछ । सो कार्य पूरा गरी यसै आर्थिक वर्ष भित्रमा नै नाला तथा पिच सडकको कार्य सम्पन्न गरिनेछ ।

यसरी नै वाइपास सडक गण्डक चौक देखि शंकराचार्य गेटसम्म सडकको दुवै तर्फ नाला निर्माण गर्ने कार्य प्रारम्भ गरिएकोछ । उक्त सडकको केही खण्डमा रकमको अभावले नाला निर्माणको कार्य छुट हुन गएको हुँदा एशियाली विकास बैक र नेपाल सरकारबाट स्वीकृति लिई छुट हुन गएको

स्थानहरुलाई समेत समावेश गरी यसै आर्थिक वर्ष भित्र नै वाइपास सडकको दुवै तर्फ नाला निर्माणको कार्य सम्पन्न गरिनेछ ।

वीरगंज उपमहानगरपालिकाको मुटुमा रहेको वडा नं. ५ स्थित माईराम पोखरीमा रहेको अवैध घरटहरा खाली गरी Re-creation Park निर्माणको कार्य अगाडि बढाइएको छ । सो स्थानको सार्वजनिक जग्गा एकिन गर्न एक कार्यदल गठन गरिएको छ र उक्त कार्यदलले दिएको प्रतिवेदनको आधारमा अतिक्रमित क्षेत्र खाली गराई खाली हुन आएको सम्पूर्ण क्षेत्र समेतलाई समेटने गरी Re-Creation Park निर्माण कार्य सम्पन्न गरिनेछ ।

ल्याण्डफिल्ड साइट सम्म पुग्ने सडक निर्माणको निम्ति Canal रोडमा गर्नुपर्ने Earth Embankment Filling को काम पुरा गरी नाला सहितको पिच सडक तथा नगवा स्थित सिंगहा खोलामा Two Lane Bridge को निर्माण कार्य यसै आर्थिक वर्ष भित्र सम्पन्न गरिनेछ ।

यसै आर्थिक वर्ष भित्र शहरको मुल ढल वडा नं. १ वहिपुल देखि छपकैया वाटर ट्रिटमेण्ट प्लान्टसम्मको ड्रेनेज तथा Sewerage निर्माणको लागि ह्युम पाइप ओछ्याउने र सर्भिस रोडको निर्माण कार्य सम्पन्न गरिनेछ ।

यसरी नै वीरगंज उपमहानगरपालिका वडा नं. १० पानीटंकी एरियाको ढुवान समस्याको निराकणको लागि वाइपास सडक, भानुचौकको नजिक बक्सकल्भर्ट निर्माण गरी, नेशनल मेडिकल कलेजको दक्षिण तर्फ RCC नाला निर्माण गरी सिंगहा खोलामा पानी निकासको व्यवस्था मिलाई पानीटंकी एरियाको डुवान समस्या समाधान गरिनेछ ।

इनरवाइपास सडकको पश्चिमतर्फ रहेका वडा नं. २,३,६,९,१० र १९ मा डुवान हुने क्षेत्रको पानीलाई नाला निर्माण गरी बाइपास सडकको नालामा जोडिनेछ र उक्त पानी सिंगहा नदिमा निकासको व्यवस्था मिलाईनेछ ।

मुल ढल हुँदै बग्ने पानीलाई पानमंडी रोडबाट आर.सी.सी. अन्डरग्राउण्ड नाला, कल्भर्टबाट सत्या सिनेमा हल, अशोकवाटिका हुँदै रानीघाट स्थित श्रीसिया खोलामा निकास गरिनेछ र आदर्शनगर क्षेत्रको डुवान समस्यालाई निराकरण गर्न गिता मन्दिरबाट दक्षिण एन.आई.सी. बैक हुदै हाजीअली रोडमा रहेको मुल्य ढलमा Sewerage System निर्माण गरी पानी निकासको व्यवस्था मिलाइनेछ ।

उपस्थित महानुभावहरु,

अब म आर्थिक वर्ष २०७२/०७३ मा लिएका लक्ष्य, उद्देश्य तथा प्राथमिकताका बारे प्रकाश पार्न चाहन्छु ।

लक्ष्य

वीरगंज उपमहानगरपालिका क्षेत्र भित्र विकासका सम्भावनाका आधारमा उपलब्ध श्रोत र साधनलाई एकिकृत र समन्वित गरी अल्कालिन वा दिर्घकालिन विकास योजनाहरु बनाउदै विकासको माध्यमबाट समग्र नगरलाई आधारभूत तथा आधुनिक र शहरी सेवा सहितको स्वच्छ, सुन्दर र सम्बृद्ध

वीरगंजको स्थापना तथा महानगरीय परिकल्पनाका साथ तत् सम्बन्धी पूर्वाधारहरुको विकास हाम्रो लक्ष्य रहेको छ ।

उद्देश्य

१. नेपाल सरकारको मिति २०७१ मंसीर १६ गतेको निर्णयले वीरगंज उपहानगरपालिकामा गाभिएका ११ वटा गा.वि.स. हाल २० देखि ३० नम्बर वडाहरुमा आधारभूत तथा आधुनिक शहरी सेवा सुविधाको विस्तार र विकास गर्दै वृहत्त स्वच्छ, सुन्दर र सम्बृद्ध वीरगंजको दिर्घकालिन लक्ष्य प्राप्तिको निम्ति आर्थिक सामाजिक एवम् भौतिक पूर्वाधारको विकास गर्ने ।

२. महिला, दलित, आदिवासी जनजाति, अपागंता भएको व्यक्ति, जेष्ठ नागरिक तथा पिछडिएको क्षेत्रको विकासमा जोड दिई समावेशी विकासको अवधारणालाई आत्मसाथ गर्ने ।

३. सामाजिक परिचालनका माध्यमद्वारा जनसहभागिता अभिवृद्धि गर्दै समुदायस्तरको श्रोत परिचालन गरी गरिबी न्यूनिकरणमा सहयोग पुऱ्याउने ।

४. पूर्वाधार सहितको सुरक्षित औद्योगिक क्षेत्रको विकास गर्दै उद्योगधन्दा, कलकारखानाहरुको प्रवर्द्धन गरी रोजगारका अवसरहरु सृजना गर्ने ।

५. आन्तरिक राजश्वका नयाँ क्षेत्र पहिचान गर्दै विद्यमान श्रोतको प्रभावकारी परिचालनका माध्यमबाट आत्मनिर्भरता बढाउने ।

६. उपमहानगरपालिकाको विस्तारित क्षेत्र समेतलाई जोड्ने गरी (चक्रपथ) यातायात गुरुयोजनाको सम्भाव्यता अध्ययन गरी कार्य योजना बनाउन प्राथमिकता दिइने ।

७. सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुसार पूर्वाधार विकास, फोहोरमैला व्यवस्थापन जस्ता कार्यहरु अगाडि बढाइने ।

प्राथमिकता

१. स्थानीय श्रोत र साधनलाई एकिकृत र समन्वित गर्दै महिला बालबालिका तथा सामाजिक र आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग, समूदायको पहुँचलाई संस्थागत गरी रोजगारमूलक र आयमूलक कार्यहरुको माध्यमबाट गरिबी न्यूनिकरण गर्ने ।

२. लैगिक समता र सामाजिक समावेशिकरणको माध्यमबाट सामाजिक वन्चितीकरणमा परेका समुदायको सवलीकरण गर्दै त्यस्ता समुदायहरुलाई स्वालम्बन र आत्मनिर्भरता तर्फ उत्प्रेरित गराउने ।

३. शिक्षा, संस्कृति, भाषा, साहित्य, खेलकुदको योजनाबद्ध विकास गर्ने एवं धार्मिक तथा पर्यटन क्षेत्रको विकासमा विभिन्न सरोकारवाला निकायहरु बिच सह-कार्यत्मक प्रयास अघि बढाउने ।

४. राजश्वका थप क्षेत्रहरुको पहिचान गर्दै संकलन तथा व्यवस्थापन निजीक्षेत्रसँग सहकार्य, राजश्व सम्बन्धी सूचना तथा तथ्यांकको वैज्ञानिक अभिलेखिकरण र एकिकृत नगर सूचना प्रणालीमा विकास गरी उपलब्ध श्रोतहरुको अधिकतम परिचालन गर्ने ।

५. समुदायमा आधारित टोल विकास संस्थाहरु र अन्य सहयोगी संघ संस्थाहरुको सशक्तिकरण गरी स्वालम्बी विकासको अवधारणालाई अगाडि बढाउने ।

६. औद्योगिक विकासको गतिलाई प्रवर्द्धन गरी आर्थिक अवसर सृजनाका माध्यमबाट रोजगारीमा अभिवृद्धि गर्दै गरिबी न्यून गर्ने ।

अब म आर्थिक वर्ष २०७२।०७३ को बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका प्रमुख नीति तथा कार्यक्रम प्रकाश पार्न चाहन्छु ।

प्रमुख नीति तथा कार्यक्रम :

१. शहरी पूर्वाधारहरुको विकास तथा विस्तारका माध्यमबाट नागरिकहरुलाई गुणस्तरयुक्त शहरी सेवा प्रदान गर्न उपमहानगरक्षेत्र भित्रको भौतिक पूर्वाधारहरुको अभिलेख अध्यावधिक गर्दै वडा कार्यालय, वडा नागरिक मंच र अन्य सरोकारवालाको सहभागितामा तर्जुमा र प्राथमिकिकरण गरिएका योजनाहरु उपभोक्ताको ३० प्रतिशत र कार्यालयको ७० प्रतिशत लागत सहभागितामा विशेष प्राथमिकताका सहित योजनाहरु कार्यान्वयनमा ल्याईनेछ ।

२. वीरगंज उपमहानगरपालिका क्षेत्र भित्रका सार्वजनिक पर्ती जग्गाहरुको संरक्षण गरी शहरी विकासमा तिनको उपयोग गर्न सार्वजनिक पर्ती जग्गाहरुको अभिलेख तयार गर्दै त्यस्ता क्षेत्रहरुको अधिकत्तम उपयोग गर्न खेलकुद मैदान, पार्क जस्ता योजनाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

३. वीरगंज उपमहानगरपालिका क्षेत्र भित्र भौतिक पूर्वाधार विकासमा सार्वजनिक नीजि साझेदारीको अवधारणाको अवलम्बन गर्दै सार्वजनिक नीजि साझेदारीमा संचालन गर्न सकिने भौतिक पूर्वाधार विकासका कार्यहरुको पहिचान गर्न सम्भाव्ता अध्ययन गरिनेछ । सार्वजनिक नीजि साझेदारी इकाई गठन गरी त्यसलाई उपयुक्त जनशक्ति सहित साधन र श्रोतको व्यवस्था गरिनेछ ।

४. नगरको पहिचान दिने रोजगारी र स्वरोजगारी सृजना गर्ने स्थानीय स्रोत साधनको अधिकतम प्रयोग गर्न योजना कार्यक्रमलाई प्राथमिकता दिई गरिबी न्यूनिकरण एवं समावेशी विकासबाट सामाजिक विभेद कम गर्दै जाने नीति लिईने छ ।

५. वीरगंज उपमहानगरक्षेत्रमा निर्माण गरिने आवासिय, व्यापारिक, व्यवसायीक, स्वास्थ्य संस्था, शैक्षिक संस्था लगायत सबै प्रकारका भवनहरुको नक्सापास प्रकृयामा भवन निर्माण मापदण्ड र भवन आचारसंहिताको पूर्ण पालना गराउदै अनुगमन तथा मुल्यांकन सम्बन्धी संस्थागत प्रबन्ध मिलाइनेछ ।

६. कर, शुल्क र दस्तुरको नयां क्षेत्र समेत पहिचान गरी कराधारको दायरा फराकिलो बनाउन राजश्वको दायरा फराकिलो बनाउदै विद्यमान कर, शुल्क र दस्तुरको दर परिमार्जन गरी लागु गरिनेछ । वीरगञ्ज उपमहानगरपालिकामा समावेश भएका ११ गाविस हाल २० देखि ३० वडासम्म विशेष परिस्थितिका आधारमा दस्तुरमा विशेष छुट सहितको दर कायम गरिनेछ ।

७. नगरपालिकाको आम्दानीको श्रोतकोरुपमा रहेको घडिअर्वा पोखरी परिसर,स्वीमिङ्गपूल, हेल्थक्लव,घण्टाघरस्थित वीरगंज सिटी सेन्टर तथा नगर सभागृहसार्वजनिक निजी साझेदारी कार्यक्रमलाई पुनरावलोकन गरी नयाँ क्षेत्रको खोजी गरिनेछ ।

८. "स्थानीय कर स्थानीय विकासको लागि उपमहानगरको सेवा तपाई करदाताको लागि" भन्ने मूल सोच राखी कर संकलन र करदाता वृद्धि कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । यसका लागि करदाता सचेतना कार्यक्रम, सूचना सम्प्रेषण र नागरिक प्रतिको दायित्व तथा कर्तव्य साथै कर्मचारीमा करदाता मैत्री व्यवहारको विकासमा जोड दिइनेछ ।

९. प्रचलित ऐन, नियमको प्रभावकारी कार्यान्वयन गरी शहरी सुव्यवस्था कायम गर्न वार्षिक कार्ययोजनाको तर्जुमा, जनचेतना अभिवृद्धिका कार्यक्रम, फोहोरमैला व्यवस्थापन, छाडा पशु नियन्त्रण, अनियमित सवारी पार्किंग तथा सडक पेटी अतिक्रमण नियन्त्रण गरिनेछ ।

१०. सुशासन प्रवर्द्धन र सहकार्यको लागि संस्थाहरुसंगको समन्वय र सहकार्यलाई विशेष प्राथमिकता दिईनेछ । कर्मचारी आचार संहिता र प्रतिबद्धता पत्र यथाशीघ्र सार्वजनिक गरिनेछ ।

११. उप-महानगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाका सम्वन्धमा नागरिक वडापत्रलाई अझ व्यवस्थि गर्दै सेवा प्रवाह सम्वन्धी बन्दोवस्त र प्राप्त जनगुनासो सुन्न र त्यसको समाधानका लागि तदारुकता अपनाईनेछ । सुशासन व्यवस्थापन समितिलाई कृयाशील बनाईनेछ ।

१२. वीरगञ्ज उप-महानगरपालिकाबाट संप्रेषण हुने सूचनाहरुलाई स्थानीय दैनिक पत्रिकाहरुमा समानुपातिक हिसाबले प्रकाशन गराउन नेपाल पत्रकार महासंघ पर्सा शाखाको समन्वय र सुझावका आधारमा विज्ञापन नीति तयार गरिनेछ । आ.ब.०७२।०७३ मा नेपाल पत्रकार महासंघ, पर्सा शाखाको भवन निर्माणका लागि रु. १० लाख रकम विनियोजन गरिएको छ ।

१३. वीरगञ्ज उप-महानगरपालिकाको सूचना केन्द्रलाई सुदृढ र प्रभावकारी बनाईनेछ, सबै किसिमका तथ्याङ्क एकीकृत रुपमा उपयोग गर्न एकीकृत तथ्याङ्क प्रणाली लागु गरिनेछ, वीरगञ्ज उप-महानगरपालिकाको वेभसाइटमा नगरपालिकाको सबै सूचनाहरु राख्ने व्यवस्था मिलाईनेछ । विद्युतीय सुशासनलाई विशेष प्राथमिकताका साथ संचालन गरिनेछ ।

१४. जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने फोहोरमैलाको उचित तवरले व्यवस्थापन गर्न अस्पतालजन्य तथा औद्योगिक फोहोरहरुको व्यवस्थापनका लागि सरोकारवालाहरुलाई समेत संलग्न गराउने गरी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

१५. जेष्ठ नागरिक, अपांग, विपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पछाडि परेका समुदायको सशक्तिकरणका लागि आयमुलक, सचेतना प्रवर्द्धन र रोजगारको अवसर सृजना गर्ने शिपमुलक तालिम संचालन गरिनेछ ।

१६. युवा वर्गको क्षमता विकास गर्दै उद्यमशील, सक्षम, सुसंस्कृत एवं क्षमतावान बनाई विकास निर्माणमा सहभागी गराउने नीति लिईनेछ । खेर गइरहेको युवा शक्तिलाई नगर विकासको मुलधारमा ल्याउन आवश्यक रणनीति तय गरिनेछ ।

१७. उपभोक्ताहरुको हित संरक्षणका लागि खाद्य पदार्थमा गुणस्तर कायम गर्ने, खाद्य मिसावट नियन्त्रण गर्ने, मासुजन्य पदार्थको विक्री वितरणलाई ब्यवस्थित गर्ने, स्वास्थ्य क्षेत्रमा डेंगु, मलेरिया जस्ता माहामारी नियन्त्रणका लागि आवश्यक कार्यहरु गरिनेछ ।

१८. समुदाय परिचालनको माध्यमबाट आर्थिक र सामाजिक दृष्टिले पछाडि परेका र पछाडि पारिएका समुदायहरुमा गरिबी न्यूनिकरण गर्न आयआर्जनमुलक सीप तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१९. खेलकुदको माध्यमबाट वीरगंज उपमहानगरपालिका क्षेत्रभित्रका युवाहरुको सर्वाङगीण विकास गर्न स्थानीय क्लब, सामुदायिक संस्था तथा गैरसरकारी संस्थासँग सहकार्य गरी नगरक्षेत्र भित्र खेलकुद सम्बन्धी क्रियाकलाहरु संचालन गरिनेछ ।

२०. बालबालिकाहरुको नैसर्गिक अधिकार सुनिश्चित गर्दै बालबालिकाहरुको विकाससँग सम्बन्धित सुचक सहितको बाल विकास सम्बन्धी वार्षिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२१. वीरगंज नगरक्षेत्रभित्र रहेका सांस्कृतिक धरोहरहरुको संरक्षण गर्ने नीति लिईएको छ । सो को लागि यस आ.व.मा भिस्वा बौद्ध चैत्यक्षेत्र, लक्ष्मणवा पार्क, भुटनदेवी मन्दिर क्षेत्र संरक्षण तथा मुर्ली पोखरी र वौधीमाई पोखरीको वृहत्तर विकाशका लागि जोड दिईनेछ ।

२२. नगरक्षेत्रभित्र जग्गा प्लटिङ्गको लागि नगरपालिकासंग पूर्व स्वीकृति लिनु पर्नेछ । नगरपालिकाको स्वीकृति विना प्लटीङ्गको जग्गा विकी भएमा त्यस्ता स्थानहरुमा बन्ने भवनहरुको नक्शा पास गर्न नगरपालिका वाध्य हुने छैन । साथै त्यस्ता स्थानहरुमा सेवा सुविधा र विकास पूर्वाधारहरुमा लगानी नगर्ने नीति लिइएको छ ।

२३. एसियाली विकास बैंकको सहयोगमा संचालित शहरी वातावरण सुधार आयोजना संचालनका लागि सम्पूरक कोषको लागि पूंजी आवश्यक परेमा अन्तिम विकल्पको रुपमा सस्तो व्याजदरमा 'क' श्रेणीको वाणिज्य बैंकहरुबाट ऋण सहयोग लिई आयोजना संचालन गरिनेछ ।

२४. दलित, जनजाति, आदिवासी, मधेशी, मुस्लीम र विपन्न समुदायका उत्कृष्ट विद्यार्थी तथा शैक्षिक गुणस्तर वृद्धिमा उत्कृष्ट योगदान पुऱ्याउने शिक्षक एवं विद्यालयलाई पुरस्कार र सम्मानको उचित व्यवस्था गरिने छ ।

२५. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणका माध्यमबाट सुशासन, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न उप-महानगरपालिकाबाट संचालित सबै योजना तथा कार्यक्रमहरुमा यी विधिहरु लागु गरिनेछ ।

२६. जेष्ठ नागरिकको जीवनयापनलाई सहज, सुखमय र सुविधायुक्त तुल्याउन अन्य निकाय तथा संघसंस्थासँग सहकार्य एवं समन्वय गरी विन्धवासिनीमा निर्माणाधिन वृद्धाश्रम निर्माण कार्यको लागि रु.१०,००,०००।- (दश लाख) रकम विनियोजन गरिएको छ ।

२७. उपमहानगरपालिका अन्तर्गतका नगवा, मुर्ली पोखरीको डिलको वरिपरी Ornamental Plants को वृक्षारोपण गरी Jogger's Park निर्माण गरिनेछ र यसबाट नगरको सौन्दर्य बढ्ने तथा नगरमा स्वच्छ वातावरण सिर्जना हुनेछ ।

२८. वी.पी. उद्यानको गुरुयोजना तयार गरी प्रारम्भिक कार्यको शुरुवात गरिनेछ । घंटाघर, लिंकरोड र मुख्य स्थानहरुमा सोलार स्ट्रीट लाईट जडान गर्ने कार्य यसै आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।

२९. उपमहानगरपालिका वडा नं.३ स्थित दमकल रहेको जग्गामा बिजनेस कम्पलेक्सको अवधारणा अनुसार प्रारम्भिक कार्य अगाडी बढाईनेछ र नगवाको कृषि थोक बजारको निर्माण कार्य सुचारु गर्न जिल्ला कृषि कार्यालय, पर्सासँग समन्वय गरिनेछ ।

३०. सिर्सिया खोला कोरिडोरको संभाव्यता अध्ययन गरी व्यवस्थित यातायात तथा वातावरणीय सुधारको कार्य अगाडी बढाईनेछ । बस्ती विकासका निमित्त जग्गा एकीकरण कार्यक्रम लागु गर्ने, भू-उपयोग योजना तयार गर्ने कार्यको शुरुवात गरिनेछ ।

३१. आदर्शनगर रंगशालामा माटो पुर्ने तथा मर्मत संभारको कार्य गरिनेछ । भौतिक पूर्वाधारको अभाव भएको सामुदायिक विद्यालयहरुमा भौतिक पूर्वाधार विकासका लागि सहयोग पुऱ्याईनेछ ।

३२. मुल ढल दाँया-बाँयाको अतिक्रमण हटाई सर्भिस रोड निर्माणको कार्य प्रारम्भ गरिनेछ तथा रानीघाट छठघाट, मठ-मन्दिर र मस्जिद जस्ता धार्मिक स्थलहरुको जिर्णोद्धारको कार्य गरिनेछ ।

विस्तारित वडाहरु वडा नं. २० देखि ३० सम्मको लागि आ.व. २०७२/०७३ को नीति तथा कार्यक्रमहरु

१. वीरगंज उपमहानगरपालिकाको संम्पूर्ण क्षेत्रलाई जोड्ने नगर यातायात गुरुयोजना तयार गरी आ.व. २०७२।०७३ देखि यसलाई कार्यान्वयनमा ल्याईनेछ ।

२. विस्तार भएका वडाहरुमा सडक संजालको विस्तार गर्दै मुल सडकबाट वडा समिति कार्यालय रहेको स्थानसम्मको सडक स्तरोन्नति गर्ने कार्य यसै आ.व.बाट शुरु गरिनेछ ।

३. विस्तारित वडाहरुमा एकिकृत जग्गा विकास कार्यक्रम लागु गरी योजनाबद्ध नगर विस्तार आयोजना कार्यान्वयनमा ल्याईनेछ ।

४. विस्तारित वडाहरुको सार्वजनिक सम्पत्तिहरुको संरक्षण र सम्वर्द्धन गर्दै उपयुक्त स्थानको छनौट गरी प्रत्येक वडाहरुमा पार्क तथा खेलमैदानको निर्माण कार्य शुरु गरिनेछ ।

५. विन्दवासिनी भगवतीको मन्दिरलाई धार्मिक पर्यटकिय स्थलको रुपमा विकास गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

६. विस्तारित वडाहरुमा मुल सडक, कृषि सडक र सहायक सडकको दुवै तर्फ वृक्षारोपण गरी हरियाली मार्गको रुपमा विकास गरिनेछ ।

७. पुशपालन, माछापालन, कुखुरापालन तथा तरकारी खेती तर्फ किसानहरुलाई प्रोत्साहन गरी यस्को निम्ति सहुलियत व्याजमा ऋण उपलब्ध गराउने, मलखाद तथा विउविजनको व्यवस्था गर्दै कृषि बजार प्रवर्द्धन केन्द्रको निर्माण गरिनेछ ।

८. धार्मिक तथा सांस्कृतिक धरोहर मठ, मन्दिर, मस्जिद संरक्षण सम्वर्द्धन र विकास गरिनेछ । जेष्ठ नागरिकहरुको लागि विश्रामस्थलहरु निर्माण गरिनेछ ।

९. शव अन्तेष्टि गरिने मसानघाट, कब्रिस्तानहरुको सुधार तथा स्तरोन्नती गरिने छ ।

१०. विस्तारित वडाहरुमा सौर्य उर्जामा आधारित सडकबत्तिहरुको विकास र विस्तार गर्दै लगिनेछ ।

११. शहरोन्मुख ग्रामिण क्षेत्रहरुमा साना सिचाई कार्यक्रमहरु संचालन गरिनेछ ।

१२. विस्तारित वडाका सामुदायिक विद्यालयहरुमा स्वच्छ खानेपानीका निम्ति फिल्टरको व्यवस्था तथा शौचालयहरुको निर्माण गरिनेछ । प्रत्येक वडाहरुमा शुलभ शौचालय निर्माण कार्यलाई प्रोत्साहन गरिनेछ ।

१३. जोखिम न्यूनिकरणका लागि विशेष कोषको व्यवस्था तथा डेंगु, औलो विरुद्ध लामखुट्टे नियन्त्रण कार्यक्रमलाई अभियानकै रुपमा संचालन गरिनेछ ।

१४. उद्यमशिल तालिमहरु, सुरक्षित वैदेशिक रोजगार कार्यक्रम, विपन्न तथा जेहेन्दार विद्यार्थी छात्रवृत्ति कार्यक्रम संचालन गरिनेछ ।

१५. नगर स्वास्थ्य क्लिनिकको स्थापना, स्वास्थ्य शिविरहरुको संचालन र हाट बजार व्यवस्थापनको कार्यलाई तदरुकताका साथ अगाडि बढाईनेछ ।

१६. पर्यटन क्षेत्रको विकास तथा खुला दिसामुक्त क्षेत्र कार्यक्रम संचालन गरिनेछ ।

१७. नगरको शहरोन्मुख क्षेत्रमा निजी क्षेत्रको लगानीमा स्थापना हुने उद्योग, कलकारखाना, विद्यालय, अस्पताल, आयुवेर्दिक औषधालयलाई नगरपालिकाले प्रोत्साहन गर्दै पुर्वाधार विकासका क्षेत्रमा सहयोग पुऱ्याउनेछ ।

१८. विस्तारित वडाहरुको हकमा प्रत्येक वडाहरुबाट उठेको राजश्वमा सम्बन्धित वडामा उठेको राजश्वको अनुपातमा न.पा.ले शतप्रतिशत रकम थप गरी विकास कार्यमा खर्च गर्नेछ ।

उपस्थित महिला तथा सज्जनवृन्दहरु,

अब म आ.व. २०७१/०७२ मंसिर सम्मको यथार्थ, आ.व. २०७१।०७२ को संशोधित तथा आ.व. २०७२/०७३ को अनुमानित आय-व्यय प्रस्तुत गर्न अनुमति चाहन्छु ।

आय

यस चालु आ.व. २०७१/०७२ मंसिर सम्मको आन्तरिक आय तर्फ गतवर्षको नगद तथा बैंक जिम्मेवारी **रु.३,९६,४८१।२४ (तीन लाख छियानब्बे हजार चार सय एकासी पैसा चौबीस)** र आन्तरिक श्रोतबाट रु.४,१७,२०,९७०।११ (चार करोड सत्र लाख बीस हजार नौ सय सत्तरी पैसा एघार) गरी कुलजम्मा रु.४,२१,१७,४५१।३५ (चार करोड एकाईस लाख सत्र हजार चार सय एकाउन्न पैसा पैंतिस), स्थानीय निकाय कोष अनुदानबाट रु.१०,९५,२१,९९८।- (दश करोड पन्चानब्बे लाख एकाईस हजार नौ सय अन्ठानब्बे) र बाह्य श्रोत तर्फबाट रु.१,४७,५८,८६०।६४ (एक करोड सैंतालिस लाख अन्ठाउन्न हजार आठ सय साठी पैसा चौसट्ठी) समेत गरी जम्मा रु.१६,६३,९८,३०९।९९ (सोह्र करोड त्रिसट्ठी लाख अन्ठानब्बे हजार तीन सय नौ पैसा उनान्सय) यथार्थ आम्दानी भएको छ ।

यस आ.व. २०७१/०७२ को संशोधित तर्फ आन्तरिक आय रु.१३,३०,६४,५५२।९६ (तेरह करोड तीस लाख चौसट्ठी हजार पांच सय बाउन्न पैसा छियानब्बे) , स्थानीय निकाय कोष अनुदानबाट रु.१९,४९,२५,०००।- (उनाइस करोड उन्नचास लाख पचिस हजार) र बाह्य श्रोतबाट रु.६९,३८,३०,०००।- (उन्नसत्तरी करोड अड्तीस लाख तीस हजार) समेत गरी जम्मा रु.१,०२,१८,१९,५५२।९६ (एक अर्ब दुई करोड अठार लाख उनाईस हजार पांच सय बाउन्न पैसा छियानब्बे) अनुमानित आयको लक्ष्य राखिएको छ ।

आगामी आ.ब.२०७२/०७३ को लागि आन्तरिक आय रु.१४,०९,२७,३१६।१७ (चौध करोड नौ लाख सताईस हजार तीन सय सोह्र पैसा सत्र), स्थानीय निकाय कोष अनुदानबाट रु.२०,७३,७५,०००।- (बीस करोड त्रिहत्तर लाख पचहत्तर हजार) र बाह्य श्रोतबाट रु.६५,१७,३०,०००।- (पैंसट्ठी करोड सत्र लाख तीस हजार) गरी जम्मा रु.१,००,००,३२,३१६।१७ (एक अर्ब बत्तिस हजार तीन सय सोह्र पैसा सत्र) अनुमानित आयको लक्ष्य राखिएको छ ।

व्यय

यसै गरी व्यय तर्फ आ.व. २०७१/०७२ मा मंसिर सम्ममा साधारण खर्च तर्फ रु.४,५०,९०,९४९।९२ (चार करोड पचास लाख नब्बे हजार नौ सय उन्नचास पैसा बयानब्बे), कार्यक्रम खर्च तर्फ रु.६,१५,८३,८६१।६२ (छ करोड पन्ध्र लाख त्रियासी हजार आठ सय एकसाठी पैसा

बासठ्ठी) र पुंजीगत खर्च तर्फ रु.३,७१,६५,३८५।८३ (तीन करोड एकहत्तर लाख पैंसठ्ठी हजार तीन सय पचासी पैसा त्रियासी) गरी जम्मा रु.१४,३८,४०,१९७३७ (चौध करोड अड्तीस लाख चालिस हजार एक सय सन्तानब्बे पैसा सैंतिस) खर्च भएको छ ।

आ.व. २०७१/०७२ को संशोधित तर्फ साधारण खर्च रु.११,६६,८७,३५०।- (एघार करोड छियासठ्ठी लाख सतासी हजार तीन सय पचास), कार्यक्रम खर्च रु.१४,७७,९६,७०२।९६ (चौध करोड सतहत्तर लाख छियानब्बे हजार सात सय दुई पैसा छियानब्बे), पुंजीगत खर्च रु.७५,७३,२६,५००।- (पचहत्तर करोड त्रिहत्तर लाख छबिस हजार पांच सय) गरी जम्मा रु.१,०२,१८,१०,५५२।९६ (एक अर्ब दुई करोड अठार लाख दश हजार पांच सय बाउन्न पैसा छियानब्बे) को अनुमानित व्ययको लक्ष्य राखिएको छ ।

आ.ब. २०७२।०७३ को लागि साधारण खर्च तर्फ रु.१२,५७,७१,०००।- (बारह करोड सन्ताउन्न लाख एकहत्तर हजार), कार्यक्रम खर्च रु.१५,८४,८०,३१६।१७ (पन्ध्र करोड चौरासी लाख असी हजार तीन सय सोह्र पैसा सत्र), पूंजीगत खर्च रु.७१,५७,८१,०००।- (एकहत्तर करोड सन्ताउन्न लाख एकासी हजार) गरी जम्मा रु.१,००,००,३२,३१६।१७ (एक अर्ब बत्तिस हजार तीन सय सोह्र पैसा सत्र) को अनुमानित व्ययको लक्ष्य राखिएको छ ।

उल्लेखित आय-व्ययमा मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना (STIUEIP) संचालन तर्फ नेपाल सरकारबाट प्राप्त हुने अनुदान बाहेक, नगर विकास कोष (TDF) बाट प्राप्त हुने ऋण र वीरगंज उपमहानगरपालिकाबाट समपूरककोष (Matching Fund) बापत उपलब्ध गराउनुपर्ने रकम समावेश भएको व्यहोरा जानकारी गराउन चाहन्छु । उक्त आयोजनामा नेपाल सरकारबाट आ.व.२०७१।०७२ को लागि रु.१,९४,३७,१८,५००।- (एक अर्ब चौरानब्बे करोड सैंतीस लाख अठार हजार पांच सय) र आ.व.२०७२।०७३ को लागि रु.१,१५,१३,०६,०००।- (एक अर्ब पन्ध्र करोड तेरह लाख छ हजार) अनुदान प्राप्त हुने अनुमान गरिएको छ ।

मझौला शहर एकिकृत शहरी वातावरणीय सुधार आयोजना तर्फ

एशियाली विकास बैंक, नेपाल सरकार तथा वीरगंज उप-महानगरपालिकाको संयुक्त लगानीमा संचालित मझौला शहर एकिकृत शहरी वातावरणीय सुधार आयोजनाबाट निम्न बमोजिमको निर्माण विकास कार्यहरु आर्थिक वर्ष ०७२/०७३ मा सम्पन्न गरिने छ ।

१. गण्डक चौक देखि शंकराचार्य गेटसम्म ४०' फिट (Second By Pass Road) मा Earth Embankment Filling कार्य पुरा गरी नाला र पिच सडकको काम सम्पन्न गरिने छ ।

२. गण्डक चौक देखि शंकराचार्य गेटसम्म ११०' फिट (By Pass Road) मा सडकको दुवै तर्फ नाला निर्माण गर्ने क्रममा केही भागहरु रकमको अभाव भएकोले नाला निर्माण कार्य छुट हुन गएकोले सो समेतलाई समावेश गरी नाला निर्माणको लागी एशियाली विकास बैंक, नेपाल सरकारबाट स्वीकृति लिई निर्माण कार्य सम्पन्न गरिने छ ।

३. Land Fill Site पुग्नको लागी छनौटमा परेका Canal रोडमा गर्नु पर्ने Earth Embankment Filling को काम पुरा गरी नाला सहितको पिच सडकको निर्माण काम सम्पन्न गरिने छ ।

४. Land Fill Site जानको लागी Two Lane Bridge नगवा स्थित सिंहा खोलामा निर्माण कार्य सम्पन्न गरिने छ ।

५. सहरको मुख्य नाला M.D. 1 बहि पुल देखि Treatment Plant सम्म Drainage तथा Sewerage निर्माणको लागी ह्यूम पाईप ओछ्याउने र सर्भिस रोडको निर्माण काम सम्पन्न गरिने छ ।

६. वीरगंज उप-महानगरपालिका वडा नं. ५ स्थित भगवती टोल माईराम पोखरीमा रहेको अवैध घर, टहरा भत्काई नगरपालिकाबाट जग्गा यकिन गरी उक्त जग्गामा Consultant बाट पेश गरिएको सिमित उपलब्ध जग्गामा Re-creation Park बनाउनको लागी पेश गरिएको Drawing/Design हाल घर, टहरा भत्काउँदा बढ्न गएका जग्गाहरु समेतलाई समायोजन गरी सम्पूर्ण जग्गामा Re-creation Park निर्माण काम सम्पन्न गरिने छ ।

७. वीरगंज उप-महानगरपालिका वडा नं. १० पानीटंकी एरियामा वर्षातको समयमा हुने डुवान समस्यालाई निराकरण गर्नको लागी By Pass सडकमा भानुचौक नजिक कलभर्ट निर्माण गरी, नेशनल मेडिकल कलेजको दक्षिण तर्फबाट R.C.C. नाला निर्माण गरी सिंहा खोलामा पानी निकास कार्य सम्पन्न गरिने छ ।

८. M.D. 1 सडकको मुख्य नालामा वर्षायामको पानीलाई कम गर्न अर्को बैकल्पिक R.C.C. Under Ground नाला पानमंडी रोड स्थित कल्भर्टबाट सत्या सिनेमा हल, अशोक बाटिका हुँदै रानीघाट स्थित सिर्सिया खोलामा लगी पानीको निकास गरिने छ ।

९. Inner By Pass, रेल्वे रोडको पश्चिम तर्फ रहेको वडाहरु वडा नं. २,३,६,९,१०,१९ मा डुवान हुने क्षेत्रका पानीलाई नाला निर्माण गरी रेल्वेको पूर्व तर्फ रहेको By pass रोडको नालमा जोडी सिंहा नदीमा पानी निकास गर्न नाला निर्माण कार्य सम्पन्न गरिने छ ।

१०. वीरगंज उप-महानगरपालिका वडा नं. १६, १७ मा रहेका डुवान क्षेत्रका पानीलाई निकास गर्न By Pass सडकको पश्चिम तर्फ R.C.C. नाला निर्माण भै सकेकोमा सो नालाको अन्तिम निकास पदम रोड भई Consultant बाट नक्सांकन गरिएको हुँदा उक्त क्षेत्रमा परेका अतिक्रमित घर, टहराहरुको नेपाल सरकारबाट यथोचित मुआब्जा वितरण कार्य सम्पन्न भएमा सिर्सिया नदीसम्म जोड्ने नाला निर्माण कार्य सम्पन्न गरिने छ ।

११. आदर्शनगर एरियामा डुवान समस्यालाई निराकरण गर्न गीता मन्दिरबाट दक्षिण N.I.C. बैंक हुँदै हाजिअलि रोडमा रहेको M.D. 1 मा Sewerage System निर्माण कार्य सम्पन्न गरिने छ ।

१२. सहर भित्रको फोहोर मैलालाई व्यवस्थापन गर्नको लागी खरिद गरिएको विश्रामपुर वडा नं. ९ र ईटियाही वडा नं. ७ स्थित रहेको करिब १६ बिगहा जग्गा Land Fill Site निर्माणको लागी टेण्डर आह्वान गरी फोहोर मैला प्रशोधन केन्द्र निर्माण कार्य शुरु गरिने छ ।

१३. वीरगंज उप-महानगरपालिका क्षेत्रभित्र रहेका केही स्थानहरु जेल एरिया, राम टोल एरिया, भिस्वा एरिया, नगवा एरिया, श्रीपुर एरिया लगायतका स्थानहरुमा एसियाली विकास बैंकबाट अनुमोदित Consultant बाट पेश गरिएको Design/ Drawing/ Estimate मा Catch Drain बनाउन छुट हुन गएको देखिएको र वडा नं. १५ स्थित मुर्ली एरियामा Loop Drain बनाउन छुट भएको देखिएको हुनाले बनाउनको लागी समायोजन गरी आयोजना समन्वय कार्यालय (PCO) मार्फत एशियाली विकास बैंक (ADB) मा सहमतिको लागी अनुरोध गरिने छ ।

१४. आयोजना संचालनको क्रममा एसियाली विकास बैंक (ADB) बाट अनुमोदित Consultant बाट निर्माण गर्ने क्रममा Design सुधार गर्न आवश्यक देखिएको खण्डमा Consultant बाट परिमार्जित Design को कारण Cost सम्बन्धमा सकेसम्म स्वीकृत लागत Estimate र Quantity को परिधि भित्र रही कार्य अगाडी बढाउने, काबु बाहिरको परिस्थिति आई Cost/Quantity बढाउनु पर्ने अवस्था आएमा बढ्न गएको Cost त्रि-पक्षिय सम्झौता अनुसार नगरपालिकाले व्यहोर्ने र बाँकी व्यहोर्नु पर्ने रकम आयोजना समन्वय कार्यालय (PCO) मार्फत् एशियाली विकास बैंक (ADB) मा रकम उपलब्ध गराई दिन सहमतिको लागी अनुरोध गरिने छ ।